

# अध्याय -१२

## महिमाको घडी: क्रूस र पुनरुत्थान

यस अध्यायमा मुख्य पदहरूः यूहन्ना १८:३३-१९:५; यूहन्ना १९:१७-२२; यूहन्ना १९:२५-२७; लूका २:३४,३५, यूहन्ना २०:१-१८ र १ कोरन्थी १५:१२-२०।

<u>*यस अध्यायको मूल सार पदः*</u> ***"पिलातसले उहाँलाई सोधे, "के तिमी राजा नै हौ त?" येशूले जवाफ दिनुभयो, "म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ। यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ।" यूहन्ना १८:३७।***

यूहन्नाले आफ्नो पुस्तक येशूको क्रूसमा मृत्यु र पुनरुत्थानको विवरण दिएर समापन गरेका छन्। पहिलो दस अध्यायमा येशूको जीवन साढे तीन वर्षको सेवाकार्यको विवरण दिएका छन्। तर त्यसको विपरित अध्याय ११-२०मा येशूका अन्तिम एकदेखि दुई हप्ताको विवरण समावेश गरिएको छ।

सुसमाचारको चारैवटा पुस्तकहरूमा येशूको मृत्युको बारेमा भिन्नाभिन्नै तरिकाले प्रस्तुत गरिएको छ। तिनीहरूका विवरणहरू मिल्दोजुल्दो भएतापनि सुसमाचारको प्रत्येक लेखेकले आफूले देखाउन चाहेको विषयवस्तुलाई जोर दिएका छन्।सुसमाचारका लेखकले प्रस्तुत गर्न चाहेको विषयवस्तु आआफ्नै ढङ्गले प्रस्तुत गरेका छन्। धर्मशास्त्र वा भविष्यवाणी पूरा भएको विषयलाई मत्तीले जोर दिन्छन्; मर्कूसले येशूको बप्तिस्मा र क्रूसको बिचमा भएको

समानन्तर विषयलाई जोर दिन्छन्; लूकाले क्रूसलाई मानिसको स्वास्थलाभ र मुक्तितिर औंल्याउँछ (येशूसँग टाँगिएको अपराधीको कथा)।

*तर यूहन्नाले क्रूस नै येशूको राज्यरोहण भनेर प्रस्तुत गरेका छन्। विशेष गरेर घडी भन्ने शब्दसँग जोडेर त्यस घडीमा भएको विभिन्न घट्नाहरूलाई यूहन्नाले उल्लेख गरेकाछन् (यूहन्ना ७:३०, यूहन्ना ८:२०, यूहन्ना १२:२७)। क्रूसको घडीमा येशूको राज्यरोहण भएको भन्ने धारणा व्यङ्गात्मक छ किनकि रोमी सरकारले कसैलाई क्रूसमा टाँग्नु भनेकै उसलाई अपमान गरेर लज्जास्पद र निर्मम तरिकाले मृत्युदण्ड दिएको हुन्छ। क्रूसमा टाँगिनु र त्यसै समय उहाँ मुक्तिदाता हुनुभएर उहाँलाई महिमित सिंहासनमा बसाल्नु, यथार्थमा एक आपसमा बाझिएको घट्ना हो।*

## १. सत्य के हो?

यूहन्ना १८:२८-३२मा येशूलाई दोषी ठहराउन जाँचपुछ गरेको विवरण विस्तृत तरिकाले दिएको छैन। तर, येशूलाई पिलातससँग आमने सामने ल्याइएको घट्ना नै त्यस समयको केन्द्रविन्दु थियो।

यूहन्ना १८:३३-३८ पढ्नुहोस्। पिलातस र येशूको बिचमा के बातचित भएको थियो? हेर्नुहोस्, " ३१ पिलातसले तिनीहरूलाई भने, “तिमीहरू यिनलाई लैजाओ, र तिमीहरूको आफ्नै व्यवस्थाबमोजिम यिनको इन्साफ गर।” यहूदीहरूले उनलाई भने, “कुनै मानिसलाई प्राणदण्ड दिने अधिकार हामीलाई छैन।” ३२ उहाँको मृत्यु कुन रीतिले हुनेछ त्यसको सङ्केत दिएर उहाँले भन्नुभएको वचन पूर्ण होस् भनेर यसो भएको थियो। ३३ पिलातस फेरि महलभित्र पसे, र उनले येशूलाई बोलाएर भने, “के तिमी यहूदीहरूका राजा हौ?” ३४ येशूले जवाफ दिनुभयो, “तपाईं आफै यसो भन्नुहुन्छ, वा मेरो विषयमा तपाईंलाई अरू कसैले भने?” ३५ पिलातसले जवाफ दिए, “के म यहूदी हुँ र? तिम्रै जाति र मुख्य पूजाहारीहरूले तिमीलाई मेरो हातमा सुम्पिदिए। तिमीले के गऱ्यौ?” ३६ येशूले जवाफ दिनुभयो, “मेरो राज्य यस संसारको होइन। मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूका हातमा पर्नेथिइनँ। तर मेरो राज्य यस संसारको होइन।” ३७ पिलातसले उहाँलाई सोधे, “के तिमी राजा नै हौ त?” येशूले जवाफ दिनुभयो, “म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ। यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो सत्यको पक्षमा छ,

**त्यसले मेरो सोर सुन्छ।" ३८ पिलातसले उहाँलाई सोधे, "सत्य के हो?" यति भनेर उनी यहूदीहरूकहाँ बाहिर निस्केर गए, र तिनीहरूलाई भने, "म यिनमा केही दोष भेट्टाउँदिनँ।" यूहन्ना १८:३१-३८।**

येशू यहूदीहरूका राजा हुन् कि भनेर उहाँलाई बडाहाकिमले सोधेका थिए (यूहन्ना १८:३३)। येशू राजा भनेर सम्बोधन गरिएको यो पहिलो पटक हो तर अन्तिम त होइन। पिलातसले आफ्नै विवेकले त्यो प्रश्न गरेका हन् कि अरूहरूले उहाँ को हुनुहुन्छ भनेर उनलाई भनेको आधारमा सोधेका हुन् भनेर येशूले उनको मन केलाएर सोध्नुभएको थियो। येशूको प्रश्नले बडाहाकिमको दिमागै हल्लाइ दियो। उनी कोसँग बोलिरहेको छ सो थाहा पाउने माग येशूले उनीसँग माग गर्नुभएको थियो। पाठकहरूलाई थाहा छ कि उहाँ राजा नै हुनुहुन्छ तर के बडाहाकिमलाई थाहा छ त?

पिलातसले आफूतिर सोझाएर प्रश्न गर्छन्," "के म यहूदी हुँ र? तिम्रै जाति र मुख्य पूजाहारीहरूले तिमीलाई मेरो हातमा सुम्पिदिए। तिमीले के गऱ्यौ?" यूहन्ना १८:३५। येशूको प्रश्नलाई उनले टालटुल गर्न चाहेका थिए। येशूको व्यवाहारिक प्रश्न प्रति पिलातसको रिस गाडिएको थियो। सत्यबाट पन्छिने बडाहाकिमको पहिलो कदम थियो। उनमा भएको पूर्वाग्रहले उनमा हुनुपर्ने सही र उपयुक्त दृष्टिकोणलाई ढाकिदिएको थियो।

उहाँको राज्य यस संसारको होइन भनेर येशूले बडाहाकिमलाई सुनाउनुभएको थियो (यूहन्ना १८:३६)। पिलातसको विवेकले उहाँले दावी गर्नुभएको अनुसार येशू राजा नै हुनुहुँदो रहेछ भन्ने अनुमान गर्दछन् (यूहन्ना १८:३७)। यसले येशूलाई आफू सत्यको गवाही दिन जन्मिनु भएको हो भनेर व्याख्या गर्नुहुन्छ। प्रत्येक व्यक्ति जो सत्यमा रहन्छ वा सत्यको हो उसले उहाँको आवाज सुन्दछ (यूहन्ना १८:३७) भनेर येशूले सुनाउनुहुन्छ।

अनि पिलातसले सोध्छन्, "सत्य के हो?" (यूहन्ना १८:३८)। तर त्यसको जवाफलाई उनी पर्खँदैन। तर बाहिर भिडलाई सम्बोधन गरेर येशूलाई बचाउन प्रयास गर्दछन्।

यूहन्नाको सुसमाचारको पुस्तकमा सत्य एउटा विषयवस्तु हो। येशू वचन वा लोगोस (यूहन्ना १:१-५) हुनुभएको जस्तै उहाँ ज्योति र सत्य हुनुहुन्छ। यो सबै अन्धकार र गलत शिक्षाको विपरित हो। उहाँ अनुग्रह र सत्यले भर्नुभएको छ (यूहन्ना १:१४)। अनुग्रह र सत्यता उहाँद्वारा आएको थियो (यूहन्ना १:१७)। बप्तिस्मा दिने यूहन्नाले सत्यको गवाही दिएका थिए

(यूहन्ना ५:३३)। आफ्नो पिता सत्य हुनुहुन्छ भनेर येशू आफैले पुष्टि गर्नुभएको थियो (यूहन्ना ७:२८)। येशू आफैले उहाँका पिताबाट सत्य सुन्नुभएको थियो (यूहन्ना ८:४०)। येशू बाटो, सत्य र जीवन हुनुहुन्छ (यूहन्ना १४:६)। परमेश्वरको वचन सत्य हो (यूहन्ना १७:१७)। प्रश्नै गरेतापनि पिलातसले सत्यलाई थाहा पाउने अवसर गुमाएका थिए। उनको पूर्वाग्रह, पहिलाका निर्णयहरू र उनमाथि दवाव परेकोले उनले सत्यलाई दवाउन अग्रसर भएका थिए।

***येशू नै सत्य हुनुहुन्छ भन्ने धारणालाई तपाईंले कसरी बुझ्नु भएको छ?***

## २. हेर यो मानिस!

यूहन्ना १८:३८-१९:५ पढ्नुहोस्। येशूलाई मुक्त गर्न पिलातसले मानिसहरूलाई कसरी चित्त बुझाउन खोजेका थिए? हेर्नुहोस्, "३८ पिलातसले उहाँलाई सोधे, "सत्य के हो?" यति भनेर उनी यहूदीहरूकहाँ बाहिर निस्केर गए, र तिनीहरूलाई भने, "म यिनमा केही दोष भेट्टाउँदिनँ। ३९ निस्तार-चाड़मा एक जनालाई मैले तिमीहरूका निम्ति छोडिदिने तिमीहरूको प्रथा छ। त के तिमीहरू चाहन्छौ, कि यहूदीहरूका राजालाई छोडिदिऊँ?" ४० तर तिनीहरू फेरि यसो भन्दै कराए, "यसलाई होइन, तर बारब्बालाई।" बारब्बाचाहिँ डाँकू थियो।,"१ तब पिलातसले येशूलाई लगेर कोर्रा लाउन लाए। २ अनि सिपाहीहरूले काँढ़ाको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, र उहाँलाई बैजनी रङ्गको वस्त्र पहिराइदिए, ३ र उहाँको नजिक आएर भने, "प्रणाम, यहूदीहरूका राजा!" अनि तिनीहरूले उहाँलाई थप्पड़ लाए। ४ फेरि बाहिर निस्केर पिलातसले तिनीहरूलाई भने, "हेर, म यिनलाई तिमीहरूकहाँ बाहिर ल्याइरहेछु, र तिमीहरूलाई जनाउन चाहन्छु, म यिनमा केही दोष पाउँदिनँ।" ५ तब काँढ़ाको मुकुट र बैजनी रङ्गको वस्त्र पहिरिएका येशू बाहिर आउनुभयो, र पिलातसले तिनीहरूलाई भने, "हेर, यो मानिस!"

सत्यको बारेमा येशूबाट जवाफ पाउन पिलातस पर्खेनन्। बरु बाहिर गएर उनले येशूको विरुद्धमा जानेहरूलाई सम्झाउन खोजे। येशूलाई मुक्त गर्न छोडेर तिनीहरूलाई सम्झाउन खोज्दा पिलातसले आफूले आफैलाई जोखिममा पारेका थिए। भिडको आडमा बडाहाकिमलाई हल्लाउन सकिन्छ भन्ने धार्मिक अगुवाहरूले महसुस गरे।

पिलातसले निस्तार चाडको समयमा एक जना कैदीलाई छोड्न सक्ने प्रथाको बारेमा भिडलाई सुनाए। यहूदीहरूका राजालाई छोड्ने होकि भनेर भिडलाई उनले सोधे। यो अचम्म लाग्दो विडंबना थियो कि भिडले बराब्बा नाउँ गरेको अपराधीहरूका सरदारलाई छोड्न माग गरे तर निर्दोष येशूलाई होइन।

अब येशूमा गिल्ला, उपहास, बेइज्जत र लज्जास्पद वर्षा वर्षाउँछन्। रोमी सिपाहीँहरूले काँडाको मुकुट बनाएर येशूको शिरमा गाड्छन्। गिल्ला गरेर बैजनी वस्त्र उहाँलाई लगाइ दिन्छन्। उपहास गर्दै यहूदीहरूका राजा जय होस् भनेर चिच्याउँछन्। यस खालको आवाज सिपाहीँहरूले त्यसबेला निकाल्छन जब सम्राटलाई स्वागत गरिन्छ तर यस समय तिनीहरूले येशूको खिस्सी गरेका थिए।

येशू प्रति निर्मम व्यवहार गरेकोले भिडले उहाँमाथि दया जाग्छ कि भनेर ठानेर पिलातसले येशूलाई मुक्त गर्न चाहेका थिए। काँडाको मुकुट र बैजनी वस्त्र लगाएको येशूलाई मानिसहरूको सामु देखा पार्दछन्। यो दृश्यलाई यूहन्नाले केही टिप्पणी त गर्दैन तर येशूको खिस्सी उडाउँदै राजकीय पोषाकमा उहाँलाई उभ्याएर बडाहाकिमले भिडलाई औँल्याउँछन्, "हेर यो मानिस!" (यूहन्ना १९:५)। यसले बप्तिस्मा दिने यूहन्नाले येशूलाई औँल्याएर गरेको सम्बोधनको याद दिलाउँछ, "परमेश्वरको थुमालाई हेर, जसले संसारका पापहरूलाई उठाइ लान्छ!" (यूहन्ना १:२९)। मूर्तिपूजा गर्ने बडाहाकिमले येशूलाई राजकीय वस्त्र लगाएर इस्राएलको सामु मसीह भनेर प्रस्तुत गरेको अचम्मै मान्नुपर्दछ।

तर हुलले येशूलाई क्रूसमा टाँग्न चिच्याउँछ। यो चित्रण यूहन्ना १८:६-१६मा गरिएको छ। उहाँले आफूलाई परमेश्वरको पुत्र भनेर दावी गरेकोले भिडले अस्वीकार गरेको देखाउँछ। डरले छटपटिएका बडाहाकिम येशूलाई मुक्त गर्न झन प्रयास गर्छन्। तर, येशू सम्राट सिजरको विरुद्धमा गएको छ भन्ने आरोप लगाउँदा बडाहाकिमले उहाँलाई मृत्युदण्ड सुनाउने फैसला गर्न वाध्य पारिएको थियो। तिनीहरूलाई थाहा थियो कि सिजर प्रतिको पिलातसको बफादारीताले कसैले राजा भनेर दावी गर्छ भने त्यसलाई उनले छुट दिने अधिकार छैन भनेर धर्मगुरुहरूलाई थाहा थियो। ती धर्मगुरु, अगुवा र सम्पूर्ण भिडले चिच्याउँछन् कि तिनीहरूको सिजर बाहेक अरू कोही राजा छैन। यसरी येशू प्रतिको गहिरो घृणा तिनीहरूका यहूदी राष्ट्रिय गौरव भन्दा अत्यधिक भएको तिनीहरूले प्रमाणित गरे। येशूलाई पन्छाएर तिनीहरूले

आफ्नो राष्ट्रिय र जातिय पहिचानलाई पनि बलि दिन तयार भए। यथार्थमा तिनीहरू रोमबाट स्वतन्त्र हुन नचाहेको तिनीहरूले व्यक्त गर्न पुगे।

***यो कस्तो डरलाग्दो स्थिति हो, मूर्तिपूजा गर्ने अन्य जाति वा गैर यहूदीले येशूलाई मुक्त गर्न चाहेका थिए तर सारा यहूदी राष्ट्र र जाति साथै धर्मशास्त्र पुरानो करारका संरक्षक र आत्मिक धर्मगुरुहरूले येशूलाई चिन्नुको सट्टा क्रूसमा टाँग्न माग गरे! यसबाट हामी आफैंले पनि के पाठहरू सिक्न सक्छौं?***

## ३ "...अब सिद्धियो वा पूरा भयो"

लाटिन, ग्रीक र हिब्रू भाषामा पिलातसले दोषपत्र लेखेर येशूको शिरमाथि टाँगेको यूहन्ना १७:१९-२२मा उल्लेख गरिएको छ। उहाँको दोष नै वा दोषपत्रमा के थियो त?" "नासरतको येशू, यहूदीहरूको राजा। "यूहन्ना १९:१९। यहूदी धर्मगुरुहरूले त्यस दोष-पत्र प्रति आपत्ति जनाएर परिवर्तन गर्न चाहेका थिए। तर पिलातसले तिनीहरूको दवावलाई वास्ता गरेनन्। त्यो दोष-पत्र येशूको बारेमा मौन गवाही थियो। क्रूसैमा येशूलाई राजाको सिंहासनमा बसालिएको प्रतिक हुन पुगेको थियो। येशू वास्तविक सत्य राजा हुनुहुन्छ, सारा यहूदीहरूका राजा साधारण अपराधी जस्तै क्रूसमा झुण्डिरहनुभएको थियो।

"येशूको शिरमाथि दोष-पत्र टाँगिने अख्तियार पिलातस र यहूदीहरूभन्दा उच्च शक्तिको निर्देशनमा राखिएको थियो। येशू प्रति मानिसहरूको ज्ञान जागून् र धर्मशास्त्र बाइबलमा नै खोजनीति गरून् भन्ने परमेश्वरको इच्छाले त्यो दोष-पत्र टाँगिएको थियो।"-*द डिजाएर अभ एजेज,* पृ. ७४५।

**यूहन्ना १९:२५-२७ पढ्नुहोस्। क्रूसको छेउमा येशूकी आमाको उपस्थित कस्तो मर्माहत थियो? हेर्नुहोस्: " अनि येशूको क्रूसको नजिक उहाँकी आमा, उहाँकी आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए। २६ जब येशूले आफ्नी आमालाई र उहाँले माया गर्नुहुने चेला नजिकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, "नारी, हेर्नुहोस्, तपाईंको छोरो!" २७ तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, "हेर, तिम्री आमा!" त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे।"यूहन्ना १९:२५-२७।**

येशूको क्रूसमुनि उभिरहेकाहरूमा उहाँका प्रिय चेला यूहन्न, मरियम, येशूकी आमा र अरू थिए। धेरै वर्ष अघि बालक येशूलाई समर्पित गर्न मन्दिरमा योसेफ र मरियमले ल्याउँदा अगमवक्ता सिमियोनले यो यो घोषणा गरेका थिए, " ३४ शिमियोनले तिनीहरूलाई आशीर्वाद दिए, र उहाँकी आमा मरियमलाई भने, "हेर, यो बालक इस्राएलमा धेरैको पतन र उत्थानको निम्ति र धेरैबाट विरोधमा बोलिने एउटा चिन्हको निम्ति नियुक्त गरिएको छ, ३५ ताकि धेरै हृदयका विचारहरू प्रकट होऊन्। अनि तरवारले तिम्रो आफ्नै हृदय पनि छेड्नेछ।" लूका २:३४-३५। अब आफ्नो मृत्युको क्षणमा येशूले आफ्नी आमालाई यसरी सम्बोधन गर्नुभयो, "हे नारी, तपाईंको छोरोलाई हेर्नुहोस्!" अनि यूहन्नातिर फर्केर उहाँले भन्नुहुन्छ, "हेर तिम्री आमा!" यूहन्ना १९:२६,२७।

**यूहन्ना १९:२८-३५ पढ्नुहोस्। "अब सिद्धियो" भन्ने आफ्नो मृत्युमा येशूले बोल्नुभएको अर्थ के हो? " २८ यसपछि येशूले सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, "मलाई तिर्खा लाग्यो।" २९ त्यहाँ सिर्काले भरिएको एउटा भाँड़ो राखिएको थियो। यसकारण सिर्काले भरिएको स्पञ्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरूले उहाँको मुखमा पुऱ्याइदिए। ३० जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, "अब सिद्धियो," र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो।"**

ग्रीक भाषाको पद २८को शब्द टेलियो teleo को अर्थ सिद्धियो, पूरा भयो, पूर्ण भयो, समाप्त भयो वा इतिश्री भयो भन्ने जनाउँछ। "अब सबै कुरा सिद्धियो वा छिनोफानो भयो।" अझ यो शब्द ग्रीक भाषाकै teleioo टेलिऊको अर्थ समापन भयो र सिद्ध भयो, बाइबलमा २८ पल्ट लेखिएको छ। यसले धर्मशास्त्र पूरा भएको अर्थ जनाउँछ। येशूको मृत्युको भयाभव समयमा सबै थोक पूरा भयो, सम्पन्न भयो र सिद्धियो वा फत्ते भयो भनेर बुझाउँछ।

जब येशूले "अब सिद्धियो" भन्नुको अर्थ परमेश्वर पिताले उहाँलाई दिनुभएको काम उहाँले पूरा गर्नुभयो भनेर उहाँले जनाउनु भएको थियो।

***जब येशूले "अब सिद्धियो" भनेर उच्चारण गर्नुहुँदा त्यसको अर्थ हामी सबैलाई के छ? के सिद्धियो जुन हाम्रो जीवनमा लागु गर्न सकिन्छ?***

## ४. खाली चिहान

**यूहन्ना २०:१-७ पढ्नुहोस्। यी पदहरूमा चित्रण गरेका दृश्यहरू हामी येशूभक्तहरूका निम्ति किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, "१ हप्ताको पहिलो दिन बिहान अँध्यारो छँदै मरियम मग्दलिनी चिहानमा आइन्, र तिनले ढुङ्गा चिहानबाट हटाइएको देखिन्। २ तिनी सिमोन पत्रुस र येशूले माया गर्नुहुने अर्को चेलाकहाँ दगुरेर गइन्, र तिनीहरूलाई भनिन्, "तिनीहरूले प्रभुलाई चिहानबाट बाहिर लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, सो हामी जान्दैनौं।" ३ तब पत्रुस र अर्को चेला बाहिर निस्केर चिहानतिर गए। ४ ती दुवै सँगसँगै दगुरे, तर अर्को चेला पत्रुसलाई उछिनेर चिहानमा अगाडि आइपुग्यो। ५ चिहानभित्र निहुरेर हेर्दा, तिनले अघि बेह्रेका सूती कपड़ाहरू मात्र पड़िरहेका देखे, तर तिनी भित्र पसेनन्। ६ सिमोन पत्रुस त्यसको पछिपछि आए, र चिहानभित्र पसे, अनि तिनले पनि मलमलका बेह्रने कपड़ाहरू मात्र त्यसै पड़िरहेका देखे। ७ उहाँको शिरमा बाँधिएको रूमालचाहिँ मलमलका कपड़ाहरूसँग थिएन, तर अलग्गै एक ठाउँमा पट्याएर राखिएको थियो।"**

शुक्रबार अपरान्ह येशू मर्नुभएको थियो र आइतबा बिहानै उहाँ बौरिउठ्नुभएको थियो। बेलुकी साबथमा घाम झुल्किनुभन्दा अघि नै येशूलाई चिहानमा राखिएको थियो (यूहन्ना १९:४२)। उहाँलाई चिहानमा हतारहतारमा राखिएको थियो। मुर्दालाई अत्तर लगाएर बेर्ने काम सकिएको थिएन। येशूलाई जति प्रेम गरेतापनि साबथ दिनमा उहाँका चेलाहरू चिहानमा हेर्न गएनन् किनभने तिनीहरूले साबथ दिनको पालना गरेका थिए (मर्कूस १६:१, लूका २३:५६)। साबथ पछि केही स्त्रीहरूले मसलाहरू आइतबार बिहानै चिहानमा ल्याए। चिहानमा गुडाएर राखेको पत्थर गुडाइ सकेको देख्दा तिनीहरू चकित भए र चिहान त रित्तो नै थियो।

चिहानमा बिहान सबैरै आउने स्त्रीहरूमा मेरी मग्दलिनी पहिलो थिइन्। उनी दगुरेर पत्रुस र यूहन्नालाई आफूले देखेको कुरा भन्न गइन्। ती दुवै चेलाहरू दगुरेर चिहानमा गए। पत्रुभन्दा अघि यूहन्ना पहिले दगुरेर चिहानमा आइपुगे। चिहान भित्र नियाल्दा उनले सुती कपडा देखे। त्यहाँ येशूलाई त्यस कपडाले बेरेर राखिएको थियो। तर उनी भित्र गएन।

तर पत्रुस भित्रै गए र उनले पनि सुती कपडा देखे। उनले येशूको मुहारलाई छोपेको कपडा पनि देखे तर त्यो अलगै पत्याएर अरू कपडानजकै राखिएको थियोऊ।

येशूको मुहारलाई छोपेको कपडा पट्याएर राखिएको अर्थ के हो? हेर्नुहोस्, " ३ तब पत्रुस र अर्को चेला बाहिर निस्केर चिहानतिर गए। ४ ती दुवै सँगसँगै दगुरे, तर अर्को चेला पत्रुसलाई उछिनेर चिहानमा अगाडि आइपुग्यो। ५ चिहानभित्र निहुरेर हेर्दा, तिनले अघि बेह्रेका सूती कपड़ाहरू मात्र पड़िरहेका देखे, तर तिनी भित्र पसेनन्। ६ सिमोन पत्रुस त्यसको पछिपछि आए, र चिहानभित्र पसे, अनि तिनले पनि मलमलका बेह्रने कपड़ाहरू मात्र त्यसै पड़िरहेका देखे। ७ *उहाँको शिरमा बाँधिएको रूमालचाहिँ मलमलका कपड़ाहरूसँग थिएन, तर अलग्गै एक ठाउँमा पट्याएर राखिएको थियो*। ८ तब चिहानमा पहिले आइपुग्ने अर्को चेला पनि भित्र पसे, र त्यो देखेर तिनले विश्वास गरे। ९ किनभने तिनीहरूले उहाँ मृतकबाट जीवित भई उठ्नुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म बुझेका थिएनन्। १० त्यसपछि ती चेलाहरू आफ्ना घर फर्के।" यूहन्ना २०:३-१०।

पत्रुस भित्र गएपछि यूहन्ना पनि भित्र पसे। यूहन्ना २०:८मा बताइएको छ कि उनले देखे र विश्वास गरे। येशूलाई बेरेको सुती कपडा पट्याएर राखिएको र त्यसको नजिकै मुहारको कपडा पनि अलगै पट्याएर राखिएको यूहन्नाले देख्दा येशू मरेकाबाट विउँतिनुभयो भनेर किन विश्वास गरे?

*त्यसको जवाफमा चिहान किन रित्तो भयो त्यसको पहिला जवाफ पाउनु पर्दछ। कतिले भन्छ होला मुर्दा चोर्नेहरूले येशूलाई चोरेर लगे। त्यो यो भनाइ तीन कारणले गलत छ। चिहानमा रोमी सिपाहींहरू सुरक्षामा राखिएका थिए (मत्ती २७:६२-६६)। यसले गर्दा कोही पनि चोरहरू त्यहाँ आउन आँट गर्न सक्दैनथे। दोस्रोमा चिहान लुट्नेहरूले मुर्दा होइन त्यसमा राखिएको मूल्यवान वस्तुहरू लान्दथे। तेस्रोमा चोरहरू त हतारमा हुन्छन् तर तिनीहरूले कपडा पट्याउन फुर्सद पनि हुँदैन। त्यसैकारण कपडाहरू राम्रोसँग पट्याएर राखिएको देख्दा येशूको पुनरुत्थान भयो भनेर यूहन्नाले विश्वास गर्न पुगेका थिए।*

## ५. येशू र मरियम मग्दलिनी

यूहन्ना २०:११-१३ पढ्नुहोस्। रित्तो चिहानको बारेमा मरियम मग्दलिनीले अझै बुझ्न सकेकी थिएन भनेर यहाँ भएको दृश्यले कसरी खुलासा गर्दछ? हेर्नुहोस्, " ११ तर मरियम चिहान बाहिर रुँदै उभिरहेकी थिइन्। तिनले रुँदै चिहानतिर निहुरेर हेरिन्, १२ र जहाँ येशूको मृत शरीर राखिएको थियो, त्यहाँ सेता वस्त्र लाएका दुई स्वर्गदूतहरूलाई, एक जना शिरतिर र अर्का पाउतिर

**बसिरहेका तिनले देखिन्। १३ उनीहरूले तिनलाई भने, "नारी, किन रुन्छ्यौ?" तिनले उनीहरूलाई भनिन्, "तिनीहरूले मेरा प्रभुलाई लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, म जान्दिनँ।"**

पत्रुस र यूहन्नालाई मरियमले नै चिहान रित्तो भएको सुनाएकी थिइन् (यूहन्ना २०:२)। त्यसको फलस्वरूप तिनीहरू चिहानमा दगुरेर गएका थिए। त्यसको केही क्षणपछि मरियम चिहानमा फर्किन् र रूँदै त्यहाँ अत्तालिएर बसेकी थिइन्। येशूको मृत्युमा केही दिनदेखि उनी धेरै बिलाप गरेर रोइरहेकी थिइन् होला। अब यहाँ चिहानमा पनि? गहभरी आँशु बगाउँदै उनले चिहानभित्र हेरिन्।

त्यहाँ त उनलाई अचम्म पारेर दुई जना स्वर्गदूतहरू सेतो वस्त्र लगाएर येशूको शरीर राखिएको ठाउँमा बसिरहेका थिए। तिनीहरूले सोधे, "ए नारी, तिमी किन रुँदै छ्यौ?" यूहन्ना २०:१३। तिनीहरूले उनका प्रभुलाई लिएर गए तर उहाँलाई कहाँ राखे सो उनलाई थाहा नभएको शोक व्यक्त गरिन्।

**यूहन्ना २०:१४-१८ पढ्नुहोस्। मरियमको निम्ति सबै थोक कसरी परिवर्तन भयो? हेर्नुहोस्ः "१४ यी कुरा भनेर तिनी पछिल्तिर फर्किन्, र तिनले येशूलाई उभिरहनुभएको देखिन्, तर येशू नै हुनुहुन्छ भनी चिनिनन्।१५ येशूले तिनलाई भन्नुभयो, "नारी, तिमी किन रुँदैछ्यौ? कसलाई खोज्छ्यौ?" तिनले उहाँलाई माली भन्ठानेर भनिन्, "हजूर, तपाईंले उहाँलाई यहाँबाट लैजानुभएको भए, कहाँ राख्नुभएको छ मलाई भन्नुहोस्, र म उहाँलाई लैजानेछु।" १६ येशूले तिनलाई भन्नुभयो, "मरियम!" तिनले फर्केर उहाँलाई हिब्रूमा भनिन्, "रब्बोनी," अर्थात् "हे गुरुज्यू!" १७ येशूले तिनलाई भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ। तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, 'मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु'।" १८ मरियम मग्दलिनी गइन्, र चेलाहरूलाई सुनाइन्, "मैले प्रभुलाई देखें।" अनि उहाँले भन्नुभएका कुरा तिनीहरूलाई तिनले भनिदिइन्।"**

बलिन्द्र आँशुले भरिएको आँखाबाट उनको सामु कोही उभिरहेको उनले देखिन्। स्वर्गदूतहरूले सोधेकै जस्तै त्यस अपरिचित व्यक्तिले पनि त्यही सोधे, "हे नारी, तिमी किन रुँदैछौं? तिमीले कसलाई खोजिरहेका छौ?" (यूहन्ना २०:१५)। उनले मालीसँग कुरा गरिरहेको भन्ठानेर येशूको शरीरलाई भेट्टाउन सहयोग गर्नुहोस् भनी उनले अनुरोध गर्दछिन्।

त्यस अपरिचित व्यक्तिले केवल एउटा मात्र शब्द बोलिन्, "मरियम!" यो एउटा शब्दको प्रकटमा मरियमको संसारनै कायापलट भयो। अचानक, आफू त पुनरुत्थान हुनुभएको येशूसँग पो कुरा गरिरहेको भनि महसुस गरिन्। उहाँ प्रभु हुनुहुन्छ भनेर उहाँलाई ढोग्न पुग्छिन्। आफूलाई अलमल नगर्न येशूले मरियमलाई अऱ्हाउनुहुन्छ किनभने उहाँ पिताकहाँ जानुभएको थिएन र जानै पर्छ। तर उनको कामचाहीँ चेलाहरूलाई गएर येशू स्वर्गमा उक्लिँदै हुनुहुन्छ भनेर सुनाउनु थियो। "येशूले तिनलाई भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ। तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, 'मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु'।" यूहन्ना २०:१७। मरियमले आफ्नो लक्ष पूरा गरिन्। आफूले पुनरुत्थान हुनुभएको येशूलाई देखें भनेर उनले चेलाहरूलाई बताउँछिन्। अनि तिनीहरूलाई अरू विस्तृत जानकारी दिइन्। "मरियम मग्दलिनी गइन्, र चेलाहरूलाई सुनाइन्, "मैले प्रभुलाई देखें।" अनि उहाँले भन्नुभएका कुरा तिनीहरूलाई तिनले भनिदिइन्।" यूहन्ना २०:१८।

*देहायका पदहरू पढ्नुहोस्। यदि येशूमरेकोबाट पुनरुत्थान हुनुभएन भने हाम्रो इसाई आस्था वा विश्वासको अर्थ के छ र? हेर्नुहोस्, " १२ मृतकहरूबाट ख्रीष्ट पुनरुत्थान हुनुभयो भनी प्रचार गरिन्छ भने कसरी तिमीहरूमध्ये कसै-कसैले मृतकको पुनरुत्थान हुँदैन भनी भन्न सक्छौ? १३ तर यदि मृतकहरूको पुनरुत्थान हुँदैन भनेता ख्रीष्ट पनि मृतकबाट पुनर्जीवित पारिनुभएको होइन। १४ यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ, र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ। १५ त्यसभन्दा बढ़ी हामी परमेश्वरको बारे झूटा साक्षीहरू ठहरिन्छौं, किनकि उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित पार्नुभयो भनी हामीले परमेश्वरको बारे गवाही दिएका छौं। तर साँच्चै मृतकहरूको पुनरुत्थान हुँदैन भने उहाँले ख्रीष्टलाई पुनर्जीवित पार्नुभएन। १६ किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। १७ ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। १८ तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्। १९ यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय हुन्छौं। २० वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। २१ किनकि जसरी*

*मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै आयो। २२ किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्। २३ तर हरेक आ-आफ्नै क्रमअनुसार– ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू। २४ तब अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्‍वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ। २५ किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। २६ सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो। २७ "किनभने परमेश्‍वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ।" तर यो स्पष्ट छ, कि "सबै कुरा उहाँको अधीनमा राखिएको छ" भन्नाले परमेश्‍वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा ख्रीष्टको अधीनमा राखिदिनुभएको हो। २८ जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन्, तब स्वयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ, ताकि परमेश्‍वर नै सबै थोकका सर्वेसर्वा होऊन्।" १ कोरन्थी १५:१२-२८।*

## उपसंहारः

**थप जानकारीः** ***डिजाएर अभ एजेजको*** **पृ. ७५८-७६४को "इतिइज फिनिश्ड," पृ. ७७९-७८७को "द लर्ड इस रिजन," र पृ. ७८८-७९४को "ह्वाइ विपेस् दाउ?" र क्लिफोर्ड गोल्टस्टाइनको रिजनः** ***फाइन्डिङ्ग होप इन द एम्प्टी टुम्बस्,*** **नाम्पा, आइडाहो,** पासिफिक, २०२०।

"पिलातसले येशूलाई मुक्ति दिन तिब्र चाहना व्यक्त गरेका थिए। तर आफ्नो ओहोदा र सम्मानलाई कायमा राख्न त्यो चाहना उनले पूरा गर्न नसकेको देखेका थिए। सांसारिक अधिकार र शक्तिलाई गुमाउनुको सट्टा उनले निर्दोष व्यक्तिलाई बलि दिन तयार भए। कतिपय मानिसहरू उचित नैतिकता वा नीतिलाई त्याग्न चाहन्छन् तर दुख र आफूमा आउने हानिबाट उम्किन चाहँदैनन्। विवेक र कर्तव्यले एकातिर औँल्याउँछ भने स्वार्थी-चाहना वाआफ्नो भाउ खोज्ने प्रवृत्तिलाई अर्कोतिर औँल्याउँछ। मानिसहरूलाई काबुमा राख्न नकारात्मक बलियो तरङ्ग गलत दिशातिर लगाइरहेको हुन्छ। जो मानिस खराब तत्त्वसँग सम्झौता गरेर चल्छ त्यो व्यक्तिलाई अन्धकार र दोषी मनस्थितिको गहिरो बादलले बगाइ दिइरहेको हुन्छ।"-*द डिजाएर अभ एजेज,* ७३८।

"जब आफू आएको लक्ष वा कामलाई फत्तै गर्नुभएन येशूले कुनै पनि हालतमा आफ्नो जीवनलाई तहसनहस पार्न दिनुभएन। उहाँले अन्तिम सास फेर्नु अघि यसरी कराउनुभएको थियो, "अब सिद्धियो।" यूहन्ना १९:३०। युद्ध जितियो। उहाँको दाहिने हात र पवित्र पाखुराले उनलाई जितायो। विजयी यौद्धाले जस्तै उहाँको झण्डा अनन्तका उच्च पहाडहरूमा गाड्नुभएको थियो। के स्वर्गदूतहरूमा हर्षोउल्लसा छाएन होला? मुक्तिदाताको विजयमा सबै स्वर्ग वा जगत नै उल्लासमय भएको थियो। सैतानलाई परास्त्र गरियो, र उसलाई थाहाभयो कि उसले आफ्नो राज्य गुमाइसकेको छ।

*"स्वर्गदूत र पतिन नभएका संसारका जीवहरूको सामु यो आवाज उठाइएको थियो, "अब सिद्धियो।" तिनीहरूको निम्ति यो अत्यन्तै अर्थपूर्ण थियो। तिनीहरू र हाम्रो लागि पनि मुक्तिको महान् कार्य समापन भएको थियो। तिनीहरू हामीसँगै मिलेर येशूको विजयको फलमा सहभागी हुन सक्ने भएकाछौं।"–द डिजाएर अभ एजेज, पृ. ७५६।*

**चिन्तनमनन:**

अ. पिलातसले गल्ती गर्ने खालको हामी पनि गल्ती नगर्न के निर्णय गर्ने प्रक्रियाहरूमा हामी लाग्नुपर्छ?

आ. हाम्रो ठाउँमा येशू किन मर्नुपर्‍यो? उहाँ हाम्रो बदलिमा किन पर्नुभयो? यदि हामीलाई मुक्तिको आवश्यकता छ भने उहाँको मृत्यु किन अपरिहार्य भएको थियो? यस मामिलामा बाइबलका कुन पदहरूले कसरी समर्थन गर्दछन्?

इ. बाइबल र ऐतिहासिक प्रमाणहरू के छन् जसले येशूको पुनरुत्थानलाई प्रमाणित गर्दछ? येशूको पुनरुत्थानमा कुन् ऐतिहासिक प्रमाण शक्तिशाली वा प्रभावकारी छ?

ई. १ कोरन्थी १५:१२–२० फेरि पढ्नुहोस्। येशूको पुनरुत्थानबिना येशूमै मर्नेहरू पनि नाश हुन्छन् भनेर कसरी देखाउँछ? यदि मरेकाहरू तुरन्तै स्वर्गमा जान्छन् भने येशूको पुनर्आगनको औचित्य के छ? येशू नआउञ्जेल मरेकाहरू सुतिरहेका हुन्छन् भन्ने तथ्यलाई पावलले कसरी अनुमोदन गर्दछन्?

# कथा १२
## किङ्गस्टले आशा पाउँछ

अलास्काको बेथेल गाउँमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बाइबलको कार्यकर्ताले धेरै मानिसहरूलाई बोलाएका थिए। एडभेन्ट मिसनको पाहुनालाई तिनीहरूका गवाहीहरू सुनाउन तिनीहरूलाई बोलाइएको थियो। २०२४को तेऱ्हौं साबथ स्कुलको भेटीको केही भाग बेथेलमा बहुउद्देशिय प्रभाव पार्ने केन्द्रभवनको निर्माण गर्न प्रयोग गरिनेछ। म त्यस योजनाको विकासको निम्ति ६३०० मानिस भएको सहरमा मिसन कथाहरू सङ्कलन गर्न गएको थिएँ। तर समय दिएको अनुसार कोही पनि चर्चमा देखा परेनन्। बाइबलको कार्यकर्ता ज्वाय आन्डरसन आफ्नो कार्यालयबाट ठुलो पिज्जा लिएर चर्चमा आएकी थिइन्। उनी आफ्नो कार्यलयमा वकिलको काम गर्छिन्। ज्वायले मलाई अऱ्हाइन्, "पिज्जा खानुहोस्। यही पिज्जाले गर्दा मानिसहरू आउला भनेर मैले आशा गरेकी थिएँ," अल्बामाबाट आएकी जसले अर्को बाइबल कार्यकर्ताको साथमा चर्चमा अगुवाइ गर्ने ज्वायले मलाई भनिन्।

आधी पिज्जा सकेपछि किङ्गस्टन चर्चमा आए। त्यहाँ उनी मात्र उपस्थित भएकोले उनी छक्क परे। पिज्जाको टुक्रा लिएर उनी बसे र आफू किन एडभेन्टिस्ट चर्चमा आराधना गर्न आउँछ भनेर सुनाए। ५९ वर्षका चौकिदारले आफ्नो कथा सुनाउँछन्। उनी युकोन कुस्कोकविम डेल्टा सहरमा बस्दथे। त्यो सहर १४०० मानिसहरू बसोबास गर्दछन्। त्यस सहरको हुपर बे इलाकामा हुँदा वर्षौंसम्म जाँड, रक्सी र लागु पदार्थसँग सङ्घर्ष गर्दै जीवन बिताइरहेका थिए। त्यो सहरमा जान बेथेलबाट हवाइजहाजबाट जान ९० मिनेट लाग्दछ। "मैले बिताइरहेको यस फाल्तू जीवनबाट म उकासिन चाहेको थिएँ। मैले मेरो जीवनबाट पाठ सिकिनँ र मैले गरेका गल्तीहरूबाट मैले केही सिकिनँ भने मानिसहरूले मलाई लठिङ्गरे भन्नेछन् भन्ने महसुस मैले गरें," उसले सुनाउँछन्। उनी रहेका डेल्टा इलाकाबाट धेरै मानिसहरू बेथेलमा सरेका थिए। ती मानिसहरूले ठुलो सहर बेथेलमा आफ्नो जीवनकेही प्रगति गर्न पाइन्छ कि भनेर सरेक थिए। डेल्टाको ८५ प्रतिशत जनसङ्ख्या अलास्काका आदिवासी प्रायजसो युपिक, कपिक र अथाबेस्कान जातका छन्। एक दिन एक जना स्टिभ नाउँ गरेको युकोन कुस्कोक्विम डेल्टाको बासिन्दाले

किङ्गस्टनलाई बेथेल चर्चमा आउन निम्तो दिए। "उनले मलाई समस्या भएको छ कि वा म उदासमा छु। त्यो सुनेर स्टिभ कहाँ जान्छन् त्यहाँ म पनि जान उत्सुक भएँ," उनले सुनाउँछन्। अरू चर्चमा जाने विश्वासीहरूको साथमा समय बिताउन पाउँदा किङ्गस्टनलाई बल मिलेको थियो। त्यस चर्चका धेरै मानिसहरू पहिले जाँड, रक्सी र लागुको लतमा लागेका थिए। "तिनीहरूले ती नसाबाट टाढा रहन सहयोग गरे। यो वातावरण मलाई मन पऱ्यो। स्वर्गमा रहनु भएको परमेश्वरले सबै थोक हेरिरहनुहुन्छ। हाम्रा समस्याका जवाफहरू जसोतसो हामी पाउँछौं," खुशी भएर उनले बताए।

किङ्गस्टन प्रत्येक साबथ चर्चमा आउँछन् तर बप्तिस्माको निम्ति अडान लिएका छैनन्। तपाईंको भेटीले बेथेल चर्चबाट गरिने सुसमाचारीय कार्यक्रमलाई सहयोग मिल्नेछ।